**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 05.11.2024**

पार्ल्यामेन्ट विनर सेसन

संसदको शीतकालीन सत्र यसै महीना पच्चीस तारीकदेखि शुरू हुनेछ।

यो बीस दिसम्वरसम्म चल्नेछ। संसदीय कार्य मन्त्री श्री किरण रिजिजूले सोशल मीडया पोस्टमा बताउनु भए अनुसार सम्बिधानलाई अप्नाइएको पचहत्तरौं वर्षगाँठ छब्वीस नवम्वरमा सम्विधान संदनको केन्द्रीय कक्षमा मनाइनेछ।

एनईआरएएमएसी(निरामेक)

कोदोबाट हुने स्वास्थ्य लाभ र जागरूकता अनि यसको उत्पादनका लागि स्थानीय कृषकहरूलाई प्रोत्साहित गर्ने पहल अन्तर्गत कृषि तथा कृषक कल्याण मन्त्रालय अधिन पूर्वोत्तर क्षेत्रीय कृषि विपणन निगम एनआरएएमएसी(निरामेक) ले गान्तोकमा दुई दिवसीय कार्यक्रम आयोजन गरिरहेछ।

आजदेखि आरम्भ भएको कार्यक्रमको उद्देश्य मानिसहरूलाई कोदोको लाभबारे अवगत गराएर यसको सेवन गर्न प्रोत्साहित गर्नु रहेको छ।

उद्घाटन कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै राज्यको कृषि विभागका प्रधान निदेशक श्री राजेन थापाले हाम्रो दैनिक आहारमा कोदोलाई समावेश गर्न आवश्यक रहेको कुरो बताउनु भयो।

सिक्किममा अहिले कोदो तथा खस्रो अन्नको उत्पादन सीमित रहेको उल्लेख गर्दै उहाँले कोदो सेवन र उत्पादनमाथि ध्यान दिने निरामेक (एनईआरएएमएसी) को प्रयासको प्रशंसा

दिनुभयो प्रधान निदेसकले भन्नुभयो कृषि विभागले खेतीका निम्ति सिक्किमका कृषकहरूलाई विभिन्न थरीका कोदोका वीउहरू उपलब्ध गराइरहेछ।

कार्यक्रममा बोल्दै वाग्वानी विभागका निदेशक श्री बी.एल दाहालले कृषकहरूलाई सहयोग गर्ने दिशातर्फ विभागका विभिन्न योजना तथा कार्यक्रमहरूको चर्चा गर्नुभयो।

राष्ट्रिय कृषि तथा ग्रामीण विकास व्याङ्क नाबार्डका सहायक महा प्रवन्धक टेम्पा सी भुटियाले कृषकहरूलाई सगाव पुर्याउन नाबार्ड द्वारा शुरू गरिएका योजनाहरूबारे जानकारी दिनुभयो। भोलि कार्यक्रमको दोस्रो दिनको कार्यक्रम स्थ्लमा कोदोका उत्पादहरूको स्टल जनताका लागि खोलिनेछ।

वर्कसप अन कम्युनिटी रेडियो

सामुदायिक रेडियो जागरूकतामाथि दुई दिने कार्यशाला गान्तोकमा आजदेखि शुरू भएको छ।

केन्द्र सरकारको सूचना तथा प्रसारण मन्त्रालयले एउटा गैर सरकारी संगठन एस.ए.आर.टि सित मिलेर यसको आयोजना गरिरहेछ।

देशका सुविधा वञ्चित क्षेत्रहरूमा सामुदायिक रेडियो केन्द्रहरूलाई सहयोग गर्नु कार्यशालाको उदेश्य रहेको छ।

कार्यशालाको उद्घाटन गर्दै गान्तोक दूर्दर्शन गान्तोक र आकाशवाणी गान्तोकका प्रमुख श्री नीरज पाण्डेल क्षेत्रको परम्परागत प्रथा उपलब्ध जड़ीबटीहरू, खाद्य, विविधता र सांस्कृतिक विरासतको मूल्यलाई प्रकाशमा ल्याउनमा सामुदायिक रेडियोको महत्वबारे अवगत गराउनुभयो।

सामुदायिक रेडियोले प्रत्येक जनजातिको संस्कृति संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरो बताउँदै उहाँले भन्नुभयो सिक्किम, केही राज्यहरूमध्ये एउटा हो जहाँ आकाशवाणीले चारवटा क्षेत्रीय समाचार प्रसारण गर्छ।

आफ्नो वक्तव्यमा बेसिल (बिईसिआईएल) का परियोजना प्रबन्धक श्री मुकुल कुमारले रेडियो केन्द्र संचालन प्रक्रियाबारे जानकारी दिनुभयो।

यसमा संचालनमा रहेका कम्युनिटि रेडियो केन्द्रहरू सिक्किमबाट रेडियो कञ्चनजंघा र जादवपुर विश्वविद्यालय कोलकाताबाट रेडियो जे.यू ले आफ्नो अनुभव साझा गरे।

छठ पर्व

लोक आस्थाको महापर्व छठ , नुहाउनु अर्थात नहाये खाये अनुष्ठानका साथै आजदेखि शुरू भएको छ।

चार दिनको यस पर्वमा भोलि खरना विधान सम्पन्न हुने।

बिहिबारको साँझ अस्ताउने सूर्यलाई अर्द्धय्य र शुक्रवार बिहान उदीयमान सूर्यलाई अर्पण गरेपछि महापर्व समाप्त हुनेछ।

एनएफआर क्यू आर कोड

यसैबीच छठ पर्वलाई ध्यानमा राखेर पूर्वोत्तर सीमान्त रेलवेले यात्रीहरूको भीड़लाई व्यवस्थित गर्न कैयौं विशेष रेलगाड़ीहरू संचालय गरिरहेछ।

बुकिङ कक्षहरूमा क्यू आर कोड मशिनहरूको उपलब्धताले यात्रीहरू लाभान्वित भएका छन्।

लिटिरेचर फेस्टिभल

पाकिम जिल्ला प्रशासनिक केन्द्रको तत्वावधानमा आँउदो सोह्र र सत्र नवम्बरका दिन लामपोखरी झील आरिटारमा पाकिम साहित्य उत्सव आयोजित हुनेछ।

यसमा अन्य बाहेक परिचर्चा, पस्तक मेला,खुल्ला प्रश्नोत्तर सत्र, कथा लेखन प्रतियोगिता र पुस्तक लोकार्पणको कार्यक्रम रहनेछन्।

मानिसहरूमा पढ़ने र सिक्ने बानी बसाउन अनि महिला सशक्तिकरण साथै नशामुक्त सिक्किम तथा नशामुक्त भारत अभियानलाई टेवा दिनु साहित्य उत्सवको उदेश्य रहेको बताइन्छ।

फुटबल

बत्तिस युनाइटेड दसौं सिक्किम इनाटर चर्च स्वर्णकप फुटबल टुर्नामेण्टको च्याम्पियन भएको छ।

गान्तोकको पाल्जोर  स्टेडियममा हिजो फ्लड लाइटमा खेलिएको फाइनल खेलामा यस टीमले ब्रदर्स इन क्रिस्ट लाई तीन गोलले परास्त गर्यो।

पराजित टीमले एउटै गोल पनि गर्न सकेन।

विजेता टीमलाई ट्रफी, पदक र प्रमाणपत्र सहित पाँच लाख रूपियाँ प्रदान गरियो भने उप बिजेता दललाई तीन लाख रूपियाँ, ट्रफी, पदक र प्रमाण पत्र प्राप्त भयो।

टुर्नामेण्टको अन्तिम दिन मुख्यमन्त्री श्री प्रेमसिंह तामङ मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

स्थानीय र अतिथि कलाकारहरूद्वारा सांस्कृतिक प्रदर्शनी समापन समारोहको अर्को आकर्षण थियो।